Samaj Anweshan Vol. 3, No. 1 : 14 Apr.2025-17 Oct. 2025
DOI: https://doi.org/10.3126/anweshan.v3i1.81959
Research Article
ISSN: 3021-9035 Print

# सार्वजनिक विद्यालयमा हुने सामाजिक भेदभावः एक विश्लेषणात्मक अध्ययन

**धन बहादुर रेश्मी**
*dhanu_reshmi96@yahoo.com*

## लेखसार

प्रस्तुत लेखमा अध्ययन क्षेत्रका सार्वजनिक विद्यालयहरूमा प्रचलित सामाजिक भेदभावबाट पीडित सहभागीहरूको प्रत्यक्ष अनुभव, प्रतिक्रिया तथा यसबाट उनीहरूको जीवनमा परेको प्रभावका विषयमा उजागार गरिएको छ । विद्यालय शिक्षामा सामाजिक भेदभावले अल्पसङ्ख्यक बालबालिकाहरूको शैक्षिक तथा व्यक्तित्व विकासमा बाधा पुऱ्याउने प्रणालीगत असमानताहरू निराकरण गर्न गराउन अनुसन्धानात्मक आधारहरू निर्माण गर्नु प्रमुख औचित्य रहेको यो अध्ययनको उद्देश्य नेपालका सार्वजनिक विद्यालयहरूमा जातीयताका आधारमा भएका सामाजिक भेदभावहरूको विश्लेषण गर्नु रहेको छ । एथ्नोग्राफिक अनुसन्धान ढाँचाबाट गरिएको यो अध्ययनका लागि पहाडी दुर्गम गाउँले परिवेश र तराईको बजार क्षेत्रका विद्यालयलाई अध्ययन क्षेत्रका रूपमा छनौट गरी सोही विद्यालयमा अध्ययनरत जनजाति र दलित विद्यार्थीहरू तथा कार्यरत शिक्षकहरूलाई अनुसन्धानमा सहभागीहरूका रूपमा स्तरीकृत उद्देश्यमूलक छनौटविधिअनुसार छनौट गरेर उनीहरूबाट आवश्यक सूचना सङ्कलन गरिएको छ। प्राप्त सूचनाहरूको आधारमा दुइटा मुख्य विषयहरू पूर्वाग्रहपूर्ण प्रतिकारात्मक हिंसा र सामाजिक विभेदका असरहरू निर्माण गरी विश्लेषण गरिएको छ। पूर्वाग्रह प्रतिकारात्मक हिंसाको रूपमा विद्यालयको हरेक पलमा महसुस गर्न सकिने, आशयगत तथा अनजानमा गरिएका उक्त गतिविधिहरूले निरन्तरता पाएको र यसको असरले बालबालिकाहरूमा मानसिक विचलनको अवस्थासमेत सृजना गरेको पाइयो। यी विश्लेषणको आधारमा विद्यालय शिक्षा प्रणाली तथा पाठ्यक्रम सीमान्तकृत बालबालिकाहरूको संस्कृति र दैनिक अभ्याससँग ठ्याक्कै मेल खाने नभए तापनि एउटा कुशल शिक्षक कुटनैतिक तौरतरिकाले प्रस्तुत हुनुपर्ने र प्रतिकारात्मक हिंसा एक संवेदनशील मुद्दा भएकाले यसलाई बेलैमा उचित सम्बोधन गर्नका लागि शिक्षाविद् नीति निर्माणकर्ता, सामाजिक अभियन्ता र शैक्षिक अनुसन्धानकर्ताको ध्यान जानुपर्ने यस लेखको निचोड रहेको छ।

## शब्दाकुञ्जी

प्रणालीगत असमानता, प्रतिकारात्मक हिंसा, प्रभावशाली संस्कृति, सीमान्तीकरण।

## विषय प्रवेश

विद्यालय पोसाकमा प्रायः बिहान दश बजेको आसपासमा हतारहतार विद्यालय दौडिने कक्षा ९ मा अध्ययनरत सुरज वि. क. (नाम परिवर्तन) लाई हिजो आज गाउँ पछाडिको चौरमा भैंसी गोठालो गर्दै अन्य गोठालोहरूसँग तास खेल्दै गरेको देखेपछि यसका बारेमा जिज्ञासा राख्दा उसले भनेको थियो– स्कुल जानै झ्याउ लाग्छ, जहिले पनि सरहरूले मलाई दलित भनेर होला हेपेर कुरा गर्नुहुन्छ; सानासाना कुरामा पनि गाली गर्नुहुन्छ; त्यसैले नरमाइलो लाग्छ; पढ्न मन लागेन।

सुरजको कुरा सुनेर मैले कक्षा २ देखि कक्षा ७ सम्मको

विद्यालय शिक्षाका क्रममा शिक्षकहरूबाट भोगेका जातीय विभेदका घटनाहरूको सम्झना आयो। त्यस विद्यालयमा ६०% ब्राह्मण समुदाय र बाँकी ४०% मगर समुदायका विद्यार्थीहरू अध्ययन गर्दथ्यौँ भने शिक्षकहरू स्थानीय र केही बाहिरका गरी सबै ब्राह्मण समुदायका हुनुहुन्थ्यो। कक्षाकोठामा बसाइको स्थान, पानी पिउने सिलसिलामामा, कक्षामा गल्ती गरेकोमा पाइने सजाय, सिकाइ उपलब्धि मूल्याङ्कनलगायतका विविध कुराहरूमा हामी मगर जाति भएकै कारणले विभेदको सिकार हुनुपरेको थियो। साथै वर्तमान समयमा सोही रूपमा विभेदका अभ्यासहरू नभए पनि साङ्केतिक विभेदका उदाहरणहरू पाउन सकिन्छ; जसलाई (Bourdieu (1991) ले प्रतिकारात्मक हिंसा भनेर परिभाषित गरेका छन्। Sasaki / Baba (2024) का अनुसार प्रतिकारात्मक हिंसा प्रभावशाली संस्कृतिको मूल्यमान्यताको सूक्ष्म असरको प्रभुत्वमा विस्तार हुँदै जान्छ; जसबाट प्रायः तटस्थता र योग्यताको आडमा अल्पसङ्ख्यक समूहहरूको सीमान्तीकरणलाई वैधानिकता प्रदान गर्दछ। नेपालको सन्दर्भ सन् 1854 मा जारी गरिएको पहिलो मुलुकी ऐनको प्रभावले जातीयता र लैङ्गिक पदानुक्रम प्रणालीमा गहिरो रूपले जरा गाडेको छ; जसले गर्दा हालसम्म पनि शैक्षिक वातावरणमा सामाजिक भेदभावले प्रणालीगत असमानतालाई कुनै न कुनै रूपमा निरन्तरता प्रदान गरिरहेको छ (BK, 2015)। सोही निरन्तरताअनुरूप विद्यालयहरू पनि अछुतो रहन सकेनन् र सार्वजनिक विद्यालयका कक्षा कोठामा पनि अल्पसङ्ख्यक विद्यार्थीहरू विरूद्ध प्रतिकारात्मक हिंसाका रूपमा सामाजिक भेदभाव महसुस गर्न सकिन्छ। यसप्रकारको घटनाले विभेदको सिकार भएका बालबालिकाहरूको शैक्षिक क्षमता कमजोर मात्र पार्दैन, उनीहरूको पहिचान र अपनत्वको भावना पनि नस्ट गर्छ; जसबाट बहिस्कार र सीमान्तकरणको चक्र निरन्तर चलिरहन्छ। त्यसकारण सामाजिक न्यायको सिद्धान्त कायम राख्न समतामूलक र समावेशी शैक्षिक वातावरण प्रवर्द्धन गर्न यो मुद्दालाई जतिसक्यो चाँडो सम्बोधन गर्न अत्यावश्यक रहेको छ।

विद्यालयमा सामाजिक भेदभावको प्रभाव शैक्षिक नतिजाभन्दा धेरै फैलिएको छ; जसले गर्दा अल्पसङ्ख्यक बालबालिकाहरूको मनोविज्ञान र सामाजिक विकासमा असर गरेको छ। शिक्षक र सहपाठी साथीहरूद्वारा गरिने विभेदकारी व्यवहार र भेदभावपूर्ण अभ्यासहरूले सिकाइ प्रक्रियाबाट अलग्याउने, आत्मसम्मानमा चोट पुग्ने तथा बहिष्कार र विद्रोहको भावना उक्साउने कार्य गर्छ। यी सन्दर्भ विद्यलयमा सामाजिक, सांस्कृतिक र जातजतिमा आधारित भेदभाव र पूर्वाग्रहपूर्ण गरिएका व्यवहारहरू हुन्। बोर्डियुको प्रतिकारात्मक हिंसाको सिद्धान्तले निष्पक्षता र योग्यताक्रमका आडमा यी गतिविधिहरू पवित्र शैक्षिक संस्थाहरूमा पुनरूत्पादित हुन्छन्, जसले आममानिसहरूमा एक आलोचनात्मक दृष्टिकोण प्रदान गर्छ। यसप्रकारको पुनरूत्पादनमा केही सीमित समूहको प्रभुत्वलाई सामान्यीकरण गरेर प्रतिकारात्मक हिंसाले अल्पसङ्ख्यक बालबालिकाहरूको सीमान्तीकरणलाई वैद्य बनाउँछ; जसले गर्दा विद्यमान संरचनालाई सुदृढ बनाउँछ।

हालैका नीतिगत प्रावधान तथा अनुसन्धानात्मक कार्यहरूले कक्षाकोठामा सामाजिक भेदभाव सम्बोधन गर्न तत्काल प्रणालीगत सुधारहरूको आवश्यकतालाई जोड दिइएको छ (NEP, 2019)। नेपालको संविधान २०७२ (Costitution of Nepal, 2015) धारा १८ ले समानताको अधिकारभित्रका विभिन्न उपधाराअन्तर्गत कुनै पनि नेपाली नागरिक र तिनका बालालिकाहरूलाई कुनै पनि बाहनामा कुनै पनि स्थानमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन र सो भएको पाइएमा पीडक कानुनबमोजिक सजायको भागीदार हुने कुरा उल्लेख गर्दै आम नेपालीहरू माझ समानताको प्रत्याभूति प्रदान गर्ने प्रावधान राखेको छ। तर समाजमा ती प्रावधानहरूको पूर्ण अभ्यास भएको पाइँदैन। नेपालको नीतिगत तहमा आवश्यक प्रावधानहरूको भरपुर व्यवस्था भएको पाइए तापनि त्यसको कार्यान्यनमा चासो राखिएको हुँदैन। Khanal (2017) ले विद्यालय छाडेको एक बालिकामा गरेको अध्ययनबाट नेपालका विद्यालयमा कक्षाकोठामा हुने सिकाइको वातावरण अल्पसङ्ख्यक बालबालिका मैत्री नभएको, सहपाठी साथीहरूले जातीय भाषा, भेषभूषा, बोलाइको लवज, पारिवारिक पृष्ठभूमि,

आदिका आधारमा होच्याउने र हाँसोको पात्र बनाउने गरेको पाइन्छ। यसैगरी शिक्षकहरूले पनि भेदभाव गर्ने, बेवास्ता गर्ने, नबुझेका कुराहरू सोध्दा 'यत्ति पनि जान्दिनौ' भनेर कक्षामा गिल्ला गर्ने गरेकाले मानसिक तनाव झेल्न नसकेर आत्महत्याको प्रयास गरेको र पछि विद्यालय छाडेको तथ्य उजगार गरेका छन्। प्रायः विद्यालयमा हुने गरेका यसरी विभेद र विसङ्गतिका घटनाहरूमा शिक्षक तथा विद्यालय प्रशासन मौन रहेको पाइन्छ।

Gast (2018) का अनुसार शिक्षक र विद्यार्थीका सम्बन्धमा जाति, वर्ग र प्रतिकारात्मक हिंसाको अन्तरसम्बन्धका बारेमा गरिएको अन्वेषणबाट कक्षाकोठामा हुने यसप्रकारको विभेदलाई निरन्तरता दिन संस्थागत अभ्यासको भूमिका जिम्मेवार रहेको तथ्य खुलासा गरेका छन्। यसैले नीतिगत तहबाट निर्माण गरिएका प्रावधानहरूको कार्यान्वयनमा कार्यगत तहबाट दैनिक जीवनमा अभ्यास गर्न र गराउन सकिएको छैन। त्यस्तै Maharaj (2021) ले विद्यार्थीको व्यवहार पविर्तनमा कथित भेदभावको प्रभाव परीक्षण गरेर त्यसमा उनीहरूको सामाजिक तथा सांस्कृतिक प्रभावको भूमिकाअनुसार परिवर्तन गर्न सकिने वा नसकिने महत्त्वपूर्ण तथ्य प्रकाशमा ल्याएका छन्। Sherpa (2022) ले नेपालका सामुदायिक विद्यालयमा शिक्षक र सरोकारवालाहरूबाट हुने विभेदका सन्दर्भमा विद्यार्थीहरूको अनुभव विश्लेषण गरी शिक्षकहरूबाट हुने पूर्वाग्रह र भौगोलिक असमानताका कारण कक्षाकोठामा द्वन्द्व कसरी उत्पन्ना हुन्छ; यसले समतामूलक सिकाइको वातावरणमा केकस्ता बाधाहरू आउँछन् भन्ने कुरा उजागार गरेका छन्। सोही प्रसङ्गमा Koirala र Parajuli (2022) ले कक्षाकोठाको सिकाइको वातारणका बारेमा अध्ययन गर्दा शिक्षकहरू अल्पसङ्ख्यक बालबालिकाहरूको संस्कृतिमैत्री सिकाइका क्रियाकलाप गराउन अनिच्छुक रही अल्पसङ्ख्यक बालबालिकाहरूलाई सिकाइको अधिकारबाट बञ्चित गरी अप्रत्यक्ष रूपमा उनीहरू माथि विभेद गरेको आरोप लगाएका छन्। यो अध्ययनले नेपालमा शैक्षिक अभ्यासको पुनरावलोकन गर्न, यथास्थितिलाई चुनौती दिन र प्रणालीगत सुधार गर्नका लागि समावेशी नीतिहरू र बालमैत्री शैक्षणिक क्रियाकलापको वकालत गर्नुपर्ने अपरिहार्य आधारहरू हुन्। यी आधारहरूले विद्यालयमा प्रचलित अभ्याहरूलाई चुनौती दिन्छ र विभेदमा परेका र पारिएका बालबालिकाहरूको सिकाइ क्षमता अभिवृद्धि गर्न गराउन आवश्यक पृष्ठभूमि तयार पार्छ। तथापि उल्लेखित अध्ययनहरूले सघन अन्तर्वार्ता र प्रश्नावलीका माध्यमबाट सूचनाहरू सङ्कलन गरी विश्लेषण गर्न असमर्थ रहेको छ। लामो समयसम्म सहभागीहरूसँग सहकार्य गरी उनीहरूको दैनिकी अवलोकन, सघन अन्तर्वार्ता तथा समूह केन्द्रित छलफलबाट प्राप्त सूचनाहरूको गहन विश्लेषण गरेर मात्र निचोड निकालेर आगामी दिनमा विद्यमान अवस्थामा कसरी सुधार गर्न सकिन्छ भनेर चिन्तन गर्न नसक्नु ती अनुसन्धानात्मक कार्यहरूका कमजोर पक्षहरू रहेका छन्। यी पक्षहरू सम्बोधन हुने गरी यो अध्ययन गरिएको छ।

जात, जातीयता र सामाजिक पदानुक्रमले गहिरो जरा गाडेको हाम्रो नेपाली समाजमा भेदभावपूर्ण प्रणालीगत असमानतालाई निरन्तरता दिइराखेको अवस्थामा बहिष्कृत विद्यार्थीहरू सिमान्तकृत वर्गमा पर्ने ठुलो खतरा रहन्छ। Peare Bordue (1991) का अनुसार निष्पक्षता र योग्यताक्रमका आधारमा प्रतिकारात्मक हिंसाको अवधारणाले सिकाइ वातावरणलाई प्रभावशाली सांस्कृतिक मूल्यमान्यताको प्रभावले सूक्ष्म रूपमा अँगाल्न बाध्य बनाउँछ। यो अध्ययनले विद्यालयमा केकस्ता भेदभावका अभ्याससहरू प्रचलित रहेछन् र बहिष्करणमा परेका बालबालिकाहरूमा यसको असर कस्तो रहेको छ भन्ने प्रश्नहरूको उत्तरको खोजी गर्ने प्रयास गरेको छ। यसकारण यस अध्ययनको प्रमुख उद्देश्य नेपालका सार्वजनिक विद्यालयहरूमा जातीयताका आधारमा भएका सामाजिक भेदभावहरूको विश्लेषण गर्नु रहेको छ।

विद्यमान सामाजिक भेदभावको प्रभाव सम्बोधन गर्नुको औचित्य विद्यालयमा शैक्षिक समानता र सामाजिक न्यायिक वातावरण बनाउने नेपाली समाजको परिकल्पनामा निहित रहेको छ। साथै जात तथा जातीयतापूर्ण सामाजिक भेदभावले अल्पसङ्ख्यक बालबालिकाहरूको शैक्षिक र व्यक्तित्व विकासमा बाधा पुऱ्याउने प्रणालीगत असमानताहरू

निराकरण गर्न गराउन अनुसन्धानात्मक आधारहरू निर्माण गर्नु हो। यो अध्ययनको सैद्धान्तिक रूपरेखा Bordue (1991) को प्रतिकारात्मक हिंसाको अवधारणामा आधारित छ; जसले सांस्कृतिक र सामाजिक अभ्यासहरूमार्फत शक्ति गतिशीलता कसरी पुनरूत्पादित हुन्छ भनेर स्पष्ट पार्दछ। नेपालको सन्दर्भमा प्रतिकारात्मक हिंसा विभिन्न रूपमा प्रकट हुन्छन्। जस्तै– पक्षपातपूर्ण व्यवहार, वेवास्ता, असहयोग, अस्वाभाविक भाषिक प्रयोग, बहिष्करण आदि। यी अभ्यासहरूले अवस्थित संरचनाहरूलाई सुदृढ बनाएर बहिष्करण र सीमान्तीकरणको चक्रलाई निरन्तरता दिन्छ।

## अध्ययनविधि

यसमा कठोर पद्धतिगत विधिको पालनाको सट्टा लचिलोपनको विशेषता रहेको एथ्नोग्राफिक अनुसन्धानले वर्णनात्मक, केन्द्रित र छनौटात्मक अवलोकन प्रविधिहरू प्रयोग गर्दछ। यो अनुसन्धानपद्धतिले शैक्षिक अखण्डता, सांस्कृतिक र मानसिक संवेदनशीलता सुनिश्चित गर्दै सूचना सङ्कलन कार्यका लागि कठोर र नैतिक रूपमा सान्दर्भिक दृष्टिकोण प्रस्तुत गर्दछ। अध्ययन क्षेत्रका लागि विद्यालयहरूको छनौट अनुसन्धानको लक्ष्यसँग तालमेल हुनुपर्दछ भन्ने विश्लेषणसँग मिल्ने गरी दुर्गम पहाडी क्षेत्रका दुइटा र सुगम तराईको सहरी क्षेत्रका दुइटा सार्वजनिक माध्यमिक विद्यालयहरू अध्ययन क्षेत्रका रूपमा छनौट गरिरएको छ। मिश्रित उद्देश्यपूर्ण नमुना छनौट रणनीतिअन्तर्गत रहेर प्रत्येक विद्यालयबाट १ दलित र १ आदिवासी/जनजाति गरी कक्षा ८–१० मा अध्ययनरत ८ जना सहभागी विद्यार्थीहरू र प्रत्येक विद्यालयबाट माध्यमिक तहमा अध्यापनरत १–१ जना छनौटमा परेका ४ जना शिक्षकहरू गरी जम्मा १२ जना प्राथमिक सहभागी रहेका छन्। आवश्यकताअनुसार विद्यालय प्रशासन, व्यवस्थापन समितिका पदाधिकारीहरू, अभिभावक र स्थानीय समुदायका अभियन्ताहरूलाई पनि अनौपचारिक छलफलका लागि सहभागी गरिएको छ। दुर्गम पहाडी ग्रामीण क्षेत्रका विद्यालयहरूबाट अनियमित नमुना र तराई सहरी क्षेत्रबाट उद्देश्यपूर्ण नमुना (हालसालै पहाडी ग्रामीण क्षेत्रबाट स्थानान्तरण भएर आएका विद्यार्थीहरू) अन्तर्गत सहभागीहरू छनौट गरिएको छ। त्यसमा पनि लिङ्ग, मातृभाषाको पृष्ठभूमि र व्यक्तिगत अनुभवहरू साझा गर्न इच्छुक सहभागीहरूलाई मात्र स्तरीकृत आधारमा छनौट गरिएको छ।

यो गुणात्मक अनुसन्धानले सहभागितामूलक कक्षा सिकाइ क्रियाकलाप अवलोकन, अर्ध संरचित अन्तर्वार्ता, समूहकेन्द्रित छलफल, आदि विधिहरूका माध्यमद्वारा विभेदमा परेका बालबालिकाहरूको अनुभव र भेदभावलाई निरन्तरता दिने प्रणालीगत कारक पक्षहरूको गहन बुझाइका सूचनाहरू सङ्कलन तथा रेकर्डिङ गरी फिल्ड नोट तयार पारिएको छ। सहभागीहरूको अनुभवहरूका बारेमा विस्तृत कथाहरू उजागर गर्न खुला उत्तरात्मक प्रश्नहरूको उपयोग गरिएको छ। यसरी बहुसूचना सङ्कलन विधिको प्रयोगले त्रिकोणीकरण सुनिश्चित गराउने र निष्कर्षहरूको वैद्यता र विश्वसनीयता बढाउने प्रयास गरिएको छ। यस अध्ययनमा सहभागीहरूसँग मौखिक तथा लिखित सहमति प्राप्त गरी पारदर्शिता र इमान्दारिता कायम राख्दै उनीहरूलाई हुन सक्ने शारीरिक र मानसिक हानीनोक्सानी न्यूनीकरण गराउने सन्दर्भमा विशेष सावधानी अपनाइएको छ। नैतिक स्वीकृति प्रोटोकलहरू पालना गरेर सहभागीहरूको परिचय र अन्य पक्षहरूको गोपनीयता सुनिश्चित गरिएको छ। यसबाहेक कक्षाकोठाको वातावरण हस्तक्षेप नगर्ने र सहभागीहरूको मूल्यमान्यताप्रति संवेदनशील हुँदै जिम्मेवार तौरतरिकाले अनुसन्धानकर्ताको भूमिका निर्वाह गरिएको छ। तर पनि यस अध्ययनलाई जातीयतामा हुने सामाजिक विभेद, विद्यालय तहका विद्यार्थीहरूप्रतिको विभेद, स्रोत र सन्दर्भ ग्रन्थमा अङ्ग्रेजी मितिहरू उल्लेख गरिएको छ। सोही सन्दर्भमा उल्लेखित पक्ष यो अध्ययनको सिमाङ्कन रहेको छ।

## नतिजा र छलफल

यो अध्ययनको नतिजा तथा छलफलले नेपालका सार्वजनिक विद्यालयहरूमा सामाजिक भेदभावको प्रभावबाट दुइटा विषयवस्तु उजागार भएका छन्। ती विषयहरूमा

पूर्वाग्रहपूर्ण प्रतिकारात्मक हिंसा र सामाजिक विभेदका असरहरू पर्छन्। यी विषयवस्तुहरूको प्रस्तावित सिद्धान्तको दृष्टिकोणले विश्लेषण गरिएको छ; जसले गर्दा प्रभावशाली सांस्कृतिक मूल्यमान्यताहरूले प्रणालीगत असमानताहरू कायम राख्छ र अल्पसङ्ख्यक बालबालिकालाई सीमान्तकृत गर्छ भन्ने सुनिश्चितता गर्दछ।

## *पूर्वाग्रहपूर्ण प्रतिकारात्मक हिंसा*

यो अध्ययनले विद्यालयमा शिक्षकहरूबाट शिक्षण सिकाइ क्रियाकलापको सन्दर्भमा निर्वाह गरिएको भूमिका जनजाति र दलित विद्यार्थीप्रति पूर्वाग्रहपूर्ण रहेको पाइएको छ। विशेषः कक्षा शिक्षण, अन्तर्क्रिया, अतिरिक्त क्रियाकलापमा सहभगिता तथा कक्षामा प्रतिक्रिया दिने क्रममा शैक्षिक, सामाजिक, आर्थिक, सञ्चार सिप र अन्य हिसाबले पछाडि परेका विद्यार्थीहरू पूर्वाग्रहको मारमा धेरै परेको पाइयो। सक्षम र शिक्षकको चाकरी गर्ने विद्यार्थीहरूलाई अत्यन्तै प्राथमिकता दिने, विभिन्न अवसरका लागि सिफारिस गर्ने जस्ता विभेदकारी व्यवहारले बहिष्कार र मनमुटावको वातावरण सृजना गरेको छ। शिक्षकहरूले प्रायः नजानेर सामाजिक पदानुक्रम र योग्यताका आधारमा विद्यालय परिसरमा कमजोर देखिने विद्यार्थीको सीमान्तीकरणलाई वैध बनाउदछन्, तर यसको असर धेरै दर्दनाक र दूरगामी रहेको पाइयो। विभिन्न पृष्ठभूमि र भूमिकामा रहेका सहभागीहरूका बारेमा अध्ययन अवलोकन र लामो छलफलबाट विभिन्न तथ्यहरू उजागार भएका छन्। यसै क्रममा मातृभाषालाई प्रमुख सञ्चार भाषाका रूपमा प्रयोग गर्ने कक्षा १० मा अध्ययनरत छात्रा कमला (परिवर्तत नाम) ले दिएको प्रतिक्रियाबाट पूर्वाग्रहपूर्ण विभेदका रूपहरू विश्लेषण गर्ने आधार प्रदान गर्दछ।

उनले भनिन्– मलाई उद्घोषण गर्न धेरै मन पर्छ। सानोतिनो कार्यक्रम हुँदा म गर्छु सर भनेर अनुरोध गर्दा सरले तिम्रो बोलीमा ट र त, द र ड, ढ र ध स्वरको अभ्यास गर त्यसपछि मात्र हुन्छ भन्नुभयो। उनका अनुसार पहिले सरले के भन्नुभएको भनेर थाहा भएन। भोलिपल्ट सँगै पढने साथी मिरा न्यौपाने (परिवर्तन नाम) लाई सोधेर मात्र भनाइको आशय थाहा भएको बताइन्।

उल्लेखित प्रसङ्गमा विद्यार्थीहरूलाई शिक्षकले सिलसिलाबद्ध अवसर दिँदै जाने र संरचनात्मक सल्लाह र सुझावका माध्यमबाट सुधार गर्न सकिने सिकाइ सिद्धान्तको मापदण्ड रहेको भए तापनि सोअनुसार नभएको पाइयो। जातिगत लवजलाई सूचित गर्ने र सिकाइको अवसरबाट बञ्चित गरिएको यो प्रतिक्रियाले सिकारूको भावनाको उचित सम्मान गर्न सके मात्र शिक्षक र विद्यार्थीबिच सुमधुर सम्बन्ध स्थापित भएर सिकाइ दीर्घकालीन हुने मान्यता परित्याग गरेको पाइयो। यो तथ्यले Bourdieu (1991) को प्रतिकारात्मक हिंसाको अवधारणासँग मेल खान्छ; जहाँ मूलधारमा आधारित सांस्कृतिक अभ्यासमार्फत अरू अवधारणा पुनःउत्पादन गरिएको हुन्छ। यसै क्रममा अर्का सहभागीको अनुभवमा सामाजिक विभेद सम्बन्धमा दिइएको प्रतिक्रिया यस्तो रहेको पाइयो।

उनले भने— हामी बच्चैदेखि मगर भाषा बोल्छम्, तर स्कुलमा बोल्दैनम्। स्कुल क्षेत्रभित्र हामीलाई मगर भाषामा बोलचाल गर्न निषेध गरिएको छ। अफिसमा नाम पुग्यो भने दश रूपियाँ फाइन तिर्नुपर्छ।

यस बारेमा विज्ञान विषयका शिक्षकसँग जिज्ञासा राख्दा उनको तर्क विद्यार्थीहरूको उज्ज्वल भविष्यसँग गाँसिएको थियो। उसको मातृभाषा गाउँ र स्कुल बाहिर गएपछि काम नलाग्ने र उनीहरूको उज्ज्वल र सफल भविष्यका लागि त्यसप्रकारको नियम बनाएको अडान लिएको पाइयो। बालबालिकामैत्री शिक्षण अवधारणालाई पनि विश्वव्यापी प्रतिस्पर्धात्मक सफलतासँग मात्र जोडन सकिने उनको तर्क रहेको थियो। विद्यालय प्रशासन तथा व्यवस्थापन पक्षसँग जिज्ञासा राख्दा पनि माथि कै भनाइको अर्थ लाग्ने जवाफ आएको थियो। सोही जिज्ञासा अभिभावक र समुदायको अगुवा व्यक्तित्वहरूसँग राख्दा विद्यालयको उक्त नियमप्रति सहमत भएको पाइयो। Phyak (2013) को अध्ययनले पनि यही तथ्य उजागार गरेको छ। परिवार र समुदायमा रैथाने भाषा र संस्कृतिको अभ्यासले उनीहरूका बालबच्चाहरू आधुनिक समाजसँग प्रतिस्पर्धामा खरो उत्रिन नसक्ने बुझाइ रहेको पाइयो। यो तथ्यले नेपाली

भाषाको आन्तरिक उपवेशीकरण (Pfaff-Czarnecka, 1997) तथा Irvine र Gal (२०००) को भनाइमा नेपाली भाषालाई नेपाली जनता र नेपाल राष्ट्रका रूपमा जोडिएको आइकनिकल भाषा मान्न सकिन्छ । तर नेपाल राष्ट्रिय शिक्षा योजना आयोग–१९५४ को प्रतिवेदन 'नेपालमा शिक्षा' को मर्मअनुसार एक भाषा, एक राष्ट्र, नीतिअनुरूप आदिवासी अल्पसङ्ख्यक भाषालाई राष्ट्रिय एकता र राष्ट्रिय अखण्डतालाई खतरामा पार्ने कारक मानेर विद्यालय र अन्य सार्वजनिक निकायहरूमा स्थानीय भाषाहरू बोल्न तथा प्रचारप्रसार गर्न प्रतिबन्ध गरिएको थियो (Phyak, 2013)। अहिलेको गणतान्त्रिक समावेशीताको समाजमा विद्यालयले स्थानीय भाषामा रोक लगाउनु बोर्डियुको प्रतिकारात्मक हिंसाको रूप मान्न सकिन्छ। सोही लेखमा उनले विद्यालय प्रशासन, व्यवस्थापन समिति तथा अभिभावकहरूको मिलेमतोमा स्थानीय भाषा बोल्न प्रतिबन्ध लागाउनु भनेको प्रतिकारात्मक हिंसाका हुनका साथै निजहरूमा रैथाने सम्पदाप्रतिको उदारता र जनचेतनाको अभाव रहेको उल्लेख गरेका छन् ।

यसैगरी अर्को प्रसङ्गमा सहभागीको अनुभव यस्तो रहेको पाइयो— सरले कक्षामा पढाउँदा आसवन क्रियाको उदाहरण जलचक्र लेख्नुपर्छ नत्र नम्बर आउदैन भन्नुहुन्छ। मैले कक्षा ८ को परीक्षामा लोकल रक्सी बनाउने तरिका लेखेको थिएँ, त्यस्तो लेख्नु हुन्न भनेर थर्काउनु भो ।

नेपालमा हालसम्म कार्यान्वयनमा रहेको विद्यालय शिक्षाको पाठ्यक्रम पश्चिमा दर्शन र मूलधारको सामाजिक, सांस्कृतिक प्रभावमा आधारित भएकाले स्थानीय आदिवासी ज्ञानलाई महत्त्व दिएको पाइँदैन (Koirala & Parajuli, 2022) । यस्तो प्रतिकारात्मक हिंसा कक्षाकोठामा शिक्षक र विद्यार्थी अन्तर्क्रियाको क्रममा जानेर वा नजानेर दलित तथा आदिवासी समुदायका विद्यार्थीहरूमाथि भइरहन्छ। लेखक स्वयं यसप्रकारका भेदभावहरूको साक्षी रहेको छ। शिक्षकहरूले मूलधारका बालबालिकाहरूलाई सिकाइ अन्तर्क्रियामा बढी जोड दिने, राम्रो ग्रेडिङ गर्ने, अतिरिक्त क्रियाकलापमा अवसर दिने, उनीहरूको आनीबानीको प्रशंसा गर्ने, आदि पर्छन्। यसको मुख्य कारण शिक्षकहरूको अपेक्षा प्रायः सामाजिक पदानुक्रमअनुसार भएको हुनाले बाँकी विद्याथीहरूको सीमान्तीकरणलाई बलियो आधार प्राप्त भएको Gast (2018) को दाबी रहेको छ। अर्कोतर्फ मानकीकृत परीक्षण तथा पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुहरू प्रायः कथित माथिल्लो जातीय समुदायको समाजिक संस्कृतिसँग मेल खाने हुनाले पनि शिक्षकहरूले उनीहरूको सामाजिक मूल्यमान्यतालाई प्राथमिकता दिँदा बाँकी विद्यार्थीहरू ओझेलमा परेको पाइयो ।

योग्यतामा आधारित प्रणाली आफैँमा एउटा उत्कृष्ट र प्रजातान्त्रिक प्रणाली हो। तर पनि विगतदेखि अभ्यासमा रहेको अमुक धार्मिक दर्शनमा आधारित राज्य सञ्चालनको नियम र त्यसको असरले गर्दा यो प्रणालीले सान्दर्भिकता हासिल गरिनसकेको अवस्था रहेको छ; जसले पछाडि पारिएका विद्यार्थीहरूलाई सीमान्तीकृत गरेको छ तथा उनीहरूको शैक्षिक सफलतासहित अपनत्वको भावना सङ्कुचित बनाइदिएको छ । उदाहरणका लागि हाल विद्यालय पाठ्यक्रम पश्चिमा केन्द्रित र मूलधार सांस्कृतिक दर्शनमा आधरित भएकाले यसले आदिवासी, रैथाने ज्ञान र दृष्टिकोण समेट्न सकेको छैन। फलस्वरूप यो समूहका बालबालिकाहरू सिकाइ सफलताको बिन्दुबाट अझ टाढा धकेलिएका छन् । यसरी समावेशी पाठ्यक्रम र सिकाइ क्रियाकलापको अभावमा सीमान्तकृत समुदायको अनुभव र दृष्टिकोणलाई वेवास्ता गरेर प्रतिकारात्मक हिंसालाई प्रोत्साहन दिएको पाइन्छ।

सार्वजनिक विद्यालयहरूमा सामाजिक विभेद शिक्षण सिकाइ क्रियाकलापको क्रममा मात्र होइन, विद्यालयमा हुने हरेक क्रियाकलाप र स्थानमा विद्यार्थीहरूले भेदभावको सामना गर्नुपर्ने हुन्छ। यसक्रममा बजार उन्मुख विद्यालयमा अध्ययनरत एक दलित सहभागीको प्रतिक्रिया यस्तो रहेको पाइयो– सानैदेखि ठुलो स्कुलमा पढ्न रहर लाग्थ्यो। त्यसैले आफन्तको घरमा बसेर यहाँ कक्षा ९ मा पढ्छु । हाम्रो स्कुलको क्यान्टिनमा दलित र अरूलाई भनेर रातो र सेतो दुइटा रङका प्लाष्टिक जगहरू टेबलमा राखिएका हुन्छन्। मलाई यो कुरा साथीले भनेको । उनले यो कुरा कसैलाई नभनेकाले अरू कसैलाई नभन्न विशेष आग्रह गरेकी थिइन्।

उनको आग्रह पालना गर्दै क्यान्टिनमा अवलोकन गर्दा हरेक टेबलमा उल्लेखित दुई रङका प्लाष्टिक जगहरू आशयगत रूपमा राखिएको पाइयो । साथै गैरदलित विद्यार्थीहरूले सेतो जगबाट मात्र पानी पिउने गरेको र यदि कुनै सेतो जगबाट दलितहरूले पानी पिएको छ भने उक्त जगबाट सामान्यतया गैरदलितले पानी नपिएको अनौठो दृष्य अवलोकन गर्न पाइयो। करिब एक हप्ताको सूक्ष्म अवलोकनपछि मात्र यो निचोड आएको हो।

यस सम्बन्धमा विद्यालय शिक्षकहरू, प्रशासन र व्यवस्थापन समितिसँग जिज्ञासा राख्दा यो भ्रामक कुरा रहेको र उनीहरूबाट यस्तो नभएको अडान दोहोरियो । क्यान्टिन सञ्चालक (ब्राह्मण) ले गोपनीयता कायम राख्ने र भविष्यमा आफ्नो नाम बाहिर नल्याउने सर्तमा भएको कुराकानीका क्रममा सो आरोप स्वीकार गरेका थिए । तर यसमा उनको मात्र दोष नरहेको र गैरदलित समुदायको बाहुल्यता रहेकाले बाहिरबाट दबाब आएर गरेको बताएका थिए। BK (2011) का अनुसार दलित विद्यार्थी सार्वजनिक स्थानहरू बाटो, पानी पँधेरा, विद्यालय, कार्यक्षेत्र जहाँसुकै कुनै न कुनै प्रकारले सामाजिक विभेदको सिकार बन्नुपर्दछ । यसैको निरन्तरता निज विद्यार्थीले स्कुलको क्यान्टिनमा विभेदको सामना गर्नुपरेको तथ्य पुष्टि हुन्छ।

यसप्रकारको सामाजिक विभेदले विद्यार्थीहरू मात्र नभएर पिछडिएको समुदायको प्रतिनिधित्व गर्ने शिक्षकले पनि प्रतिकारात्मक हिंसाको सामना गर्नु परेको पाइयो । विगत १० वर्षदेखि आफ्नै गाउँको विद्यालयमा माध्यमिक तहमा अङ्ग्रेजी विषय अध्यापनरत शिक्षकको प्रतिक्रिया यस्तो रहेको पाइयो— स्कुल पढ्दा हामीलाई छुट्टै बस्ने स्थान र पानी पिउने माटोको कुँडा (भाडा) हुने गर्थ्यो। अहिले पनि घरदैलो कार्यक्रममा जाँदा गैरदलित विद्यार्थी र अभिभावकहरू नमस्ते गर्न पनि अन्कनाउँछन्। भोजभतेरमा सहकर्मी साथीहरू असजिलो महसुस गर्नुहुन्छ र म आफैँ तकिएर सहज बनाइदिन्छु।

विगतमा विभेदको स्वरूप प्रत्यक्ष रहेको थियो भने अहिले अप्रत्यक्ष र आशयगत रहेको छ। विगत धेरै लामो समयदेखिको कानुनी लडाइँ र राजनीतिक परिवर्तनको फलस्वरूप विभेदको प्रारूपमा रूपान्तरण भएको हुनुपर्छ। BK (2011) ले पनि दलितहरूमाथिको सामाजिक विभेद विगतमा दृश्यमा हुने गरेको र अहिले महसुस गर्न सकेमा मात्र थाहा हुने अवस्थामा रहेको बताएका छन् । प्रस्तुत सन्दर्भले आम मानिसहरूमा भएको भौतिक परिवर्तन मात्र समामाजिक विभेदको प्रवृत्ति मेट्न प्रयाप्त नभएको तथ्य उजागार गर्छ। सो सन्दर्भमा केही विद्यार्थी, शिक्षक र अभिभावकहरूसँग जिज्ञासा राख्दा विद्यार्थी र शिक्षकहरूले आरोपलाई पूर्णरूपले अस्वीकार गरेको पाइयो । केही अभिभावकहरूले भने उहाँप्रति निकै नै श्रद्धा तथा सम्मान रहेको तर कुलदेवता रिसाउने हुँदा परम्परागत मूल्यमान्यता र संस्कारअनुसार चल्नुपर्ने बाध्यता रहेको हुनाले सो कुरा बुझिदिन सबैलाई अनुरोध गरेको पाइयो। यो भनाइबाट जातीय दम्भका साथसाथै परम्परागत संस्कार पालना गर्ने बाहनामा पनि सामाजिक भेदभाव विद्यमान रहेको पाइयो। Bhattacharya et al. (२००२) का अनुसार दलितहरूले समुदाय, व्यवसायिक क्षेत्र, शैक्षिक संस्था, कार्यालयजस्ता सार्वजनिक स्थानहरूमा सामाजिक भेदभावको सामना गर्नुपर्दछ। विगतमा मुखैले प्वाक्क भन्ने गरेको भए तापनि हिजोआज स्थान तथा परिवेश उही हुन्छ; तर साङ्केतिक रूपमा भेदभावको हाउभाउ प्रस्तुत गरिन्छ (Nepali, २०१८)। यसकारण नेपाली समाजको अवस्था, व्यवस्था र स्वरूप बदलिएको भएता पनि समग्रमा विचार र प्रवृत्ति उस्तै रहेको पाइन्छ।

## सामाजिक विभेदका असरहरू

सामाजिक विभेद विश्व समाजमा एउटा अदृष्य समस्याका रूपमा मौलाई रहेको छ र यसबाट नेपाली समाज पनि अछुतो रहन सक्दैन। विगतमा शिक्षा, नीतिगत प्रावधानहरू र जनचेतनाको अभावमा यसलाई निर्मूल पार्न नसकिएको दाबी गरिन्थ्यो । अहिले नीतिगत प्रावधानको व्यवस्था र शिक्षाको विकास भए पनि अभ्यासमा वेवास्ता र वर्तमान शिक्षाले मानिसहरूको विचार तथा सोचाइमा परिवर्तन ल्याउन नसकेको भन्ने तर्क प्रस्तुत गरेको पाइन्छ (Luong et al., 2023)। यसैगरी विद्यालयमा आउने कलिला

बालबालिकाप्रति गरिएको सामजिक विभेदले उनीहरूको सिकाइ क्षमता र समाजलाई हेर्ने दृष्टिकोणमा गहिरो र भयावह प्रभाव पार्छ (Asghar. et al., 2025) भन्ने कथन पनि उत्तिकै सान्दर्भिक देखिन्छ । प्रस्तुत साहित्यको पूर्वावलोकनको सेरोफेरोमा आधारित रहेर यस अध्ययनमा संलग्न सहभागीहरूको अनुभव र बुझाइमा यसको असर मापन गरेर विश्लेषण गरिएको छ।

कक्षा ९ मा अध्ययनरत प्रायः निम्न सिकाइ उपलब्धि हासिल गर्ने सुरज (नाम परिवर्तन) ले आफू कक्षा ६ मा पढ्दाको घटना सम्झिएर उत्तेजित हुँदै प्रतिक्रिया दिएको पाइयो– जेष्ठको महिना, एक घण्टाको उकालो बाटो, ढिलो स्कुल पुग्दा म्याम सरले मलगायत अरू ३/४ जनालाई लाइनमा राखेर कारण सोध्नु भो। अरू बोलेनन् मैले कारण बताउदै थिएँ।....एक्कासि कपालमा समातेर .....को छाउरो बाहना गर्छस् भनेर दुई लट्ठी दिनुभो। ऊ रातो पिरो भएर काम्दै थियो। त्यसपछि के भयो भनेर सोधेँ। उसलाई अझ आत्मीयता देखाउँदै, उसको काँधमा सुम्सुम्याउँदै सोधेपछि बल्ल रुञ्चे स्वरमा कहानी पूरा गरेको थियो । उसको भनाइअनुसार उक्त घटनापछि शिक्षकलाई ढुङ्गाले हानेर चोट पुऱ्याउन बाटो ढुकेर बस्यो, धेरै दिन स्कुल गएन, पहिलेजस्तो पढाइमा मन गएन। उसको अभिभावलाई भेटेर कुरा गर्दा कक्षा ५ सम्म स्थानीय विद्यालयमा पढाइ राम्रो भएको तर कक्षा ६ देखि माथि गएर बिग्रेको भन्ने थाहा भयो। शिक्षकहरूले विद्यालयमा सिकाइ सुधारका लागि यी रणनीति अपनाउनु आफैँमा खराब होइन। तर जसका लागि गरिँदै छ; उसको बुझाइ फरक पर्दा समस्या आउने गर्दछ। शिक्षण पेसा अत्यन्तै संवेदनशील हुने भएकाले बालबालिकाहरूसँग व्यवहार गर्दा सोही ढङ्गले प्रस्तुत हुनुपर्ने सुझाव Luong et al. (2023) को रहेको छ। किनकि फूल्न लागेको कोपिलाजस्तै कलिलो मस्तिष्कमा भेदभावको महसुस भएमा समाज र प्रणालीप्रति बदलाको आगो बालिदिन्छ र बढ्दो उमेरसँगै विद्रोही बन्ने प्रबल सम्भावना रहन्छ। यसैले उनीहरूको सिकाइ संलग्नता र सहभागितामा बाधा उत्पन्न भएर अन्तमा विद्यालय छोड्ने सम्भावना धेरै हुन्छ। यसले स्वयंको जीवन अन्योलमय हुन्छ भने सार्वजनिक लगानी खेर गएर उसले भविष्यमा दिन सक्ने योगदानबाट नेपाली समाज बञ्चित हुने सक्ने जोखिम रहन्छ। यसले गर्दा हरेक बालबालिकाहरूमा लुकेर रहेको बाल प्रतिभा प्रस्फुटन गराई नेपाली समाजलाई विशिष्ट योगदान पुऱ्याउन सक्ने प्रतिभावान् नागरिक तयार गर्ने शिक्षाको राष्ट्रिय उद्देश्य (National Curriculum Framework, 2019) ओझेलमा पर्दछ।

अर्को प्रसङ्ग कक्षा १० मा अध्ययनरत र दुर्व्यसनमा फसेका राजु (नाम परिवर्तन) का अनुसार विद्यालय शिक्षा आर्जन गर्ने क्रममा शिक्षकले गरेको टिप्पणीबाट पनि बालबालिकाहरू विचलनको बाटोमा लाग्ने थाहा भयो। तिमीले किन नशा लिन थालेको भन्ने मेरो जिज्ञासामा उनको प्रतिक्रिया यस्तो थियो– घरको काम अनि स्कुलको कार्यले सधैँ तनाव हुने गर्दथ्यो। कक्षा ८ पुगेपछि झन गाह्रो भयो। घरमा पढ्न नसक्ने, स्कुल कार्य नसकिने, झ्याप्पझ्याप्प निद्रा लाग्ने अनि सोधेको प्रश्नको उत्तर दिन नसक्दा एक दिन सरले दिक्क मान्दै भन्नुभयो–....को छोराछोरीलाई पढाउन नसक्ने भएँ।

यस सम्बन्धमा शिक्षकसँग जिज्ञासा राख्दा उसैको भलाइका लागि भनेको कुरा स्वीकार गरेका थिए। उनले जातीयताको प्रसङ्गमा आफ्नो ३५ वर्षे शिक्षण जीवनको भोगाइ र बुझाइ बताएका दिए। सीमान्तकृत बालबालिका केन्द्रित सिकाइ क्रियाकलापको जिज्ञासामा भने उनको जवाफ आएन । प्रस्तुत विद्यार्थी सहभागीको बुझाइमा जातीयतामा आधारित विभेदबाट उक्त टिप्पणी आएको रहेछ र सरसर्ती हेर्दा सामान्य लाग्ने उक्त भनाइले विद्यार्थी विचलनको बाटोमा गएको देखिन्छ। यसैले विद्यालयमा सिकाइको क्रममा शिक्षकहरूबाट बढी संयमता अपनाउन आवश्यकता देखिन्छ। पेसागत दृष्टिकोणले उचित देखिने रणनीतिहरू पनि जातीय भेदभावको प्रभाव अन्तरसम्बन्धको दृष्टिकोणले हेर्दा धेरै गहिरो हुन सक्छ तथा यसको नतिजा दीर्घकालीन समयसम्म रहन्छ। प्रस्तुत प्रसङ्गलाई विश्लेषण गर्दा जातीयताको नाममा कलिला बालबालिकाहरूमाथि पूर्वाग्रहपूर्ण व्यवहार गर्ने, बहिष्कार गर्ने, अवसरबाट वञ्चित

गर्नेजस्ता व्यवहारले उनीहरूको आत्मसम्मान कमजोर भएर उनीहरूको व्यक्तित्व विकास र शैक्षिक प्रदर्शनमा बाधा उत्पन्न गराएको छ। यो प्रथम तहको मानवता विरोधी क्रियाकलाप रहेको र यसले सामाजमा असमानतालाई निरन्तरता दिन सहयोग गरेको छ । सोहीअनुरूप नेपाली समाज पनि अछुतो नरहेको यथार्थ हाम्रो सामु छर्लङ छ। यसको दूरगामी असरस्वरूप नेपाली समाजलाई सामाजिक तथा आर्थिक प्रगतिको बाटोमा लैजाने क्रममा धेरै चुनौती सामना गर्न परिरहेको छ। यो अवस्थाले Bourdieu (1991) को बहिष्कार चक्रलाई निरन्तरता दिन्छ भने यसप्रकारको बहिष्कारलाई सम्बोधन गर्न विद्यार्थीहरूमा समानुभूति, सहयोग र पारस्परिक सम्मानलाई बढावा दिने रणनीतक हस्तक्षेपको आवश्यकता पर्दछ।

## *निष्कर्ष*

यो अध्ययनको निष्कर्षले नेपालका सार्वजनिक विद्यालयहरू हालसम्म पनि विविध रूपमा हुने सामाजिक भेदभाव अझै अभ्यासमा रहेको पाइयो । छनौटमा परेका विद्यालयहरूको एथ्नोग्राफिक अध्ययनबाट यो तथ्य बाहिर आएको हो । पूर्वाग्रहपूर्ण प्रतिकारात्मक हिंसा र त्यसको सामाजिक प्रभावका बारेमा विश्लेषण गर्ने क्रममा शिक्षकहरूले विद्यालयमा पेसागत भूमिका निर्वाह गर्दा अत्यन्त संवेदनशील र जिम्मेवार ढङ्गले आफूलाई प्रस्तुत गर्नुपर्ने तथा सो हुन नसकेमा यसको नतिजा विकराल र दीर्घकालीन हुने देखिन्छ। वर्तमान शिक्षा प्रणाली र पाठ्यक्रम सीमान्तकृत बालबालिकाको संस्कृति र दैनिक अभ्याससँग ठ्याक्कै मेल खाने खालको नभए तापनि एउटा कुशल शिक्षक कुटनैतिक ढङ्गबाट प्रस्तुत हुन सकेमा सामाजिक भेदभावका कारणले समाजमा देखिएका गलत बुझाइका द्वन्द्वात्मक अवस्था न्यूनिकरण गर्न सकिने कुरामा सबैको साझा धारणा बन्न सक्दछ।

यसलाई आलोचनात्मक रूपमा मनन गर्दा के स्पष्ट हुन्छ भने शिक्षण सिकाइका क्रममा भए गरेका सामाजिक भेदभावलाई सटिकरूपले सम्बोधन गर्न बालमैत्री शिक्षक प्रशिक्षण, सामुदायिक संयोजन गर्न बहुआयामिक दृष्टिकोण र नीतिगत सुधार जरुरी छ । शैक्षिक संस्थाहरूभित्र हुने भेदभावपूर्ण अभ्यासको सामान्यीकरणले प्रतिकारात्मक हिंसालाई निरन्तरता दिने संरचना भत्काउन प्रणालीगत परिवर्तन गर्ने तथा सामाजिक पदानुक्रमलाई पुनरूत्पादन वा चुनौती दिन शिक्षाको भूमिकामा जोड दिनुपर्दछ । समावेशी र समतामूलक सिकाइ वातावरण प्रवर्द्धन गरी विद्यालयले सामाजिक रूपान्तरणका लागि उत्प्रेरकका रूपमा उत्पीडित विद्यार्थीहरूको मनोबल बढाउनुपर्छ । साथै उनीहरूको क्षमता पहिचान गरेर न्यायपूर्ण समाजमा योगदानका लागि सशक्त भूमिका खेल्नुपर्दछ। विद्यालय क्षेत्रमा प्रतिकारात्मक हिंसाका रूप पूर्णरूपले न्यूनीकरण गर्न समावेशी शिक्षा परियोजना कार्यक्रम सञ्चालन गरेर सांस्कृतिक संवेदनशीलता र समावेशी शिक्षण विधिमा केन्द्रित प्रशिक्षण मोडलको समावेशलाई निरन्तरता दिनुपर्छ। साथै विभिन्न अनुसन्धनात्मक कार्यक्रमहरूका माध्यमद्वारा शैक्षिक मार्ग तथा सामाजिक गतिशीलतामा सामाजिक भेदभावका दीर्घकालीन प्रभाव, चुनौतीहरू र ती चुनौतीहरू सम्बोधन गर्न समावेशी शैक्षिक अभ्यासका उपायहरू अन्वेषण गर्नुपर्दछ। नेपालका सार्वजनिक विद्यालयहरूमा हुने सामाजिक विभेद एक संवेदनशील मुद्दा भएकाले यसको बेलैमा उचित सम्बोधनका लागि शिक्षाविद्, नीति निर्माणकर्ता, शैक्षिक अनुसन्धानधाता र अभियन्ताको ध्यान जान आवश्यक छ।

## *सन्दर्भ सामग्रीसूची*


Asghar, S., Ghani, S., Riaz, A., Anwar, M., & Iqbal, S. (2025). 'Assessing the Effect of Socioeconomic Factors and Educational Discrimination on studentj'm Academic Performance'. *Research Journal for Social Affairs.* 3(2), 323-330.

Bhattachan, K. B., Hemchuri, K., Gurung, Y. B. & Bishwokarma, C. M. . (2002). Existing Practices of Caste-based Untouchability in Nepal and Strategy for a Campaign for Its *Elimination* (Final Report). Kathmandu: Action-aid Nepal.

Bishwakarma, M. B. (2011). 'Comparative study of Dalit education in Nepal'. SSRN: https://ssrn .com/

abstract=1822163 .
Bourdieu, P. (1991). *Language and symbolic power*. Harvard University Press.
Fitzpatrick, K., & May, S. (2022). *Critical ethnography and education: Theory, methodology, and ethics.* Routledge.
Group. (2020). Researcherj'm views on, and experiences with, the requirement to obtain informed consent in research involving human participants: A qualitative study. *BMC Medical Ethics*, 21(93).
Irvine, J. T., & Gal, S. (2000). Language ideology and linguistic differentiation. In P. V. Kroskrity (Ed.), *Regimes of language: Ideologies, polities, and identities* (pp. 35–84). Santa Fe, NM: School of American Research Press.
Koirala, K. P., & Parajuli, K. (2022). Connecting cultural knowledge with Western-based school science: Experiences of marginalized students. *KMC Journal,* 4(2), 149-166.
Luong, M., Kugel, J. D., Pavlovich, S., Hewitt, L., & Gharibvand, L. (2023). The Impact of Racism and Ethnic Discrimination on Studentj'm Educational Experiences. *Journal of Occupational Therapy Education*, 7(4), 3.
Maharaj, S. M. (2021). Perceived Discrimination and Studentj'm Behavioral Changes: *The Role of Cultural Background and Societal Influence. ERIC.*
Marshall, C., & Rossman, G. B. (2014). *Designing qualitative research*. Sage Publications.
National Curriculum Framework. (2020). *Curriculum guidelines for inclusive education in Nepal*. Ministry of Education, Nepal.
Nepal National Education Planning Commission. (1956). 'Education in Nepal: Report of the Nepal Education Planning Commission'. Kathmandu : His Majesty's Government.
Nepali, K. B. ( 2018 ). 'Untouchability and caste-based discrimination in Nepal'. *participation* vol. 18 (l) , 49-61.
Oli, I. (2023). Exploring discrimination experienced by secondary level students in ELT classrooms: A narrative inquiry. *Journal of Balkumari College*.
Patel, M. and Patel, N.(2019). Exploring research methodology: review article. *International Journal of Research and Review*; 6(3):48-55.
Pfaff-Czarnecka, J. (1997). Vestiges and visions: Cultural change in the process of nation-building in Nepal. In D. N. Gellner, J. Pfaff-Czarnecka, & J. Whelpton (Eds.), *Nationalism and ethnicity in the Hindu kingdom: The politics of culture in contemporary* Nepal (pp. 419–470). Amsterdam: Harwood Academic.
Prem Phyak (2013) Language ideologies and local languages as the medium-of-instruction policy: a critical ethnography of a multilingual school in Nepal, Current Issues in Language Planning, 14:1, 127-143, DOI: 10.1080/14664208.2013.775557
Sasaki, I., & Baba, S. (2024). Shades of cultural marginalization: Cultural survival and autonomy processes. Organization Theory, 5(1), 1–29. https://doi.org/10.1177/26317877231221552
Stanford & Stanford. (2023). Human Research Protection Program (HRPP) *policy manual.* Stanford University Research Compliance Office